काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ५ ❐ मंगलवार, ६ असोज, २०८३ ❐ Tuesday, 22 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

कर्णाली प्रदेश सरकार:

गठन भएको दुई महिनासम्म पनि गति बढेन

❐ चाँदनी कठायत
सुर्खेत, ५ असोज

कर्णाली प्रदेश सरकार गठन भएको झण्डै दुई महिना पुग्न लाग्दा पनि सरकारको कामकारबाहीले अपेक्षित गति लिन सकेको छैन । चालु आर्थिक वर्षको बजेट कार्यान्वयन सुरु हुनुपर्ने बेला विकास बजेट योजनामा जान सकेको छैन भने प्रशासनिक पुनर्संरचना, विभिन्न निकायमा पदाधिकारी नियुक्ति र नीतिगत निर्णयका कामसमेत अल्झिएका छन् ।

सरकार गठनसँगै मन्त्रिपरिषद् विस्तारमा भएको ढिलाइ, प्रदेशका महत्त्वपूर्ण निकायमा नेतृत्वको अभाव र सरकारको स्पष्ट कार्ययोजना सार्वजनिक हुन नसक्दा प्रदेश सरकारको नियमित कामकारबाही प्रभावित भएको हो । चालु आर्थिक वर्षका लागि ३५ अर्ब ३९ करोड रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले साउन र भदौमा ४१ करोड ७६ लाख रुपैयाँ मात्र खर्च गरेको छ । यो कुल बजेटको १ दशमलव १८ प्रतिशत हो ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार दुई महिनामा चालुतर्फ २६ करोड ५६ लाख र पुँजीगततर्फ १५ करोड २० लाख रुपैयाँ खर्च भएको छ । पुँजीगत बजेटको ठूलो हिस्सा विकास निर्माणमा जाने भए पनि अहिलेसम्म कुनै पनि योजनामा रकम खर्च नभएको कार्यालयका सूचना अधिकारी दीपेन्द्र मगरातीले बताए । 'अहिलेसम्म विकास बजेट कुनै पनि योजनामा एक रुपैयाँ पनि गएको छैन,' उनले भने, 'पुँजीगत बजेट त दसैँतिहारपछि मात्र कार्यान्वयनमा जान्छ होला ।'

कर्णाली सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको कुल बजेटमध्ये २० अर्ब ७४ करोड रुपैयाँभन्दा बढी पुँजीगततर्फ छ । अर्थात् कुल बजेटको ५८ दशमलव ३१ प्रतिशत विकास निर्माण र पूर्वाधारलगायत पुँजीगत काममा खर्च गर्ने लक्ष्य राखिएको छ । बजेटको ठूलो हिस्सा विकासका लागि छुट्याइए पनि आर्थिक वर्षको दुई महिना बित्दा त्यसको कार्यान्वयनमा प्रगति देखिएको छैन ।

यसले प्रदेश सरकारको अहिलेको मुख्य समस्या बजेटको आकार वा योजना अभावभन्दा पनि निर्णय र कार्यान्वयनको गतिसँग जोडिएको देखिन्छ । आर्थिक वर्ष सुरु भएको दुई महिनामा विकास बजेट खर्च हुन नसक्दा चालु आवका योजनाको ठेक्का, सम्झौता, कार्यादेश र निर्माणको काम थप पछाडि धकेलिने सक्ने राजनीतिक विश्लेषक पिताम्बर ढकाल बताउँछन् ।

बाँकी पृष्ठ ४



प्रशासनिक संरचना अझै अन्योलमा

कर्णालीमा प्रशासनिक पुनर्संरचनाको काम पनि टुंगिएको छैन । अघिल्लो सरकारले आन्तरिक मामिला तथा योजना मन्त्रालयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गाभेको थियो । केही निर्देशनालय र कार्यालय खारेज गर्ने निर्णयसमेत भएको थियो । तर खारेज भएका निर्देशनालय तथा कार्यालयको कर्मचारी, जिम्मेवारी र सम्पत्तिको व्यवस्थापन अझै पूरा हुन सकेको छैन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मीकुमार विकका अनुसार प्रदेश सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण अर्थात् ओएनएमको कामसमेत पूरा भएको छैन । संरचना परिवर्तन गर्ने निर्णय भए पनि नयाँ संरचनाअनुसार कर्मचारी व्यवस्थापन, जिम्मेवारी बाँडफाँट र कार्यालय सञ्चालनको स्पष्टता नहुँदा प्रदेश प्रशासनमा अन्योल देखिएको छ । प्रदेश सरकारको पहिलो कार्यकालदेखि नै संघीय संरचनासँगको समन्वय, कर्मचारी व्यवस्थापन र अधिकार क्षेत्रको विषय जटिल रहँदै आएको छ । अहिलेको सरकारले त्यसलाई व्यवस्थित गर्ने अपेक्षा गरिए पनि गठनको दुई महिना पुग्दा पनि ठोस प्रगति देखिएको छैन ।

मुख्यमन्त्रीको सचिवालयसमेत पूर्ण हुन सकेको छैन । मुख्य न्यायाधिवक्तालगायत केही महत्त्वपूर्ण पदमा नियुक्तिको प्रक्रिया अघि बढेको छैन । यी नियुक्ति र संस्थागत संरचना केवल प्रशासनिक विषय मात्र होइनन् । प्रदेश सरकारका कानुनी, नीतिगत र समन्वयसम्बन्धी निर्णयमा तिनको प्रत्यक्ष भूमिका हुन्छ । त्यसैले नेतृत्वविहीन निकाय र अपूर्ण संरचनाले सरकारको नियमित काममा समेत असर पार्ने अधिकारीहरू बताउँछन् ।

नेतृत्वविहीन महत्त्वपूर्ण निकाय

सरकारको कामकारबाहीमा देखिएको सुस्तता बजेट खर्चमा मात्र सीमित छैन । प्रदेशका महत्त्वपूर्ण निकाय लामो समयदेखि नेतृत्वविहीन छन् । कर्णाली प्रदेश लोकसेवा आयोग २०८१ पुस ३ गतेदेखि अध्यक्षविहीन छ । तत्कालीन अध्यक्ष रामप्रसाद उपाध्यायले ६५ वर्ष उमेर हदका कारण अनिवार्य अवकाश पाएपछि अध्यक्ष पद रिक्त भएको हो । २०७७ फागुन ६ गते अध्यक्ष नियुक्त भएका उपाध्यायको पदावधि ६ वर्ष भए पनि उमेर हदका कारण चार वर्षमै अवकाश भएको थियो । अहिले आयोगकी सदस्य वसन्तीकुमारी सिंहले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालिरहेकी छन् । आयोगमा भक्तबहादुर ढकाल सदस्य छन् । अध्यक्ष लामो समयदेखि नियुक्त हुन नसक्दा आयोगले गत आर्थिक वर्षमा एउटा पनि विज्ञापन खोल्न सकेन । यद्यपि भदौ ३० गते स्थानीय सेवाका सातौं, आठौं र नवौं तहका पदका लागि खुला विज्ञापन गरिएको छ । आयोगका सचिव रामबहादुर कुरुम्बाङका अनुसार अध्यक्ष पद लामो समय रिक्त हुँदा नीतिगत काममा समस्या भएको छ ।

यस्तै, प्रदेश योजना आयोग पनि राजनीतिक नेतृत्वविहीन छ । प्रदेश सरकारको योजना निर्माण, प्राथमिकता निर्धारण र विकास कार्यक्रमको समन्वयमा महत्त्वपूर्ण भूमिका रहने आयोग पूर्ण रूपमा गठन हुन सकेको छैन । आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव लीलाप्रसाद शर्माले योजना आयोगको गठन नहुँदा बजेट कार्यान्वयनमा समस्या परेको बताएका छन् । सरकारले बजेट ल्याइसकेको छ । योजनाहरु बजेटमा समेटिएका छन् । तर योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत समन्वय गर्ने निकाय नै पूर्ण अवस्थामा नरहँदा बजेट खर्चको गति प्रभावित भएको सरोकारवालाहरु बताउँछन् ।

'जुन सरकार आएपनि यस्तै ताल हो,' उनले भने, 'समयमै योजनाहरु पहिचान गरी तिव्र गतिमा काम सुरु गर्नेबेलामा यसरी सुस्ताउने अनि पछि असारमा हतार हतारमा बजेट खर्च गर्ने हुन् ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका नेता मंगलबहादुर शाही गत साउन १२ गते मुख्यमन्त्री नियुक्त भएका थिए । उनले भदौ ३ गते प्रदेशसभाबाट विश्वासको मत लिए । सोही दिन सत्ता साझेदार दल एमालेबाट तीन मन्त्री नियुक्त भए । तर मुख्यमन्त्रीकै दलमा देखिएको विवादका कारण आफ्नै दलबाट मन्त्री नियुक्त गर्न ढिलाइ भयो । लामो प्रयासपछि भदौ ११ गते नेकपाबाट थप तीन मन्त्री नियुक्त भएपछि मात्र मन्त्रिपरिषद्ले पूर्णता पाएको थियो । सरकार गठन भएको लामो समयसम्म मन्त्रिपरिषद् अपूर्ण रहँदा मन्त्रालयका राजनीतिक नेतृत्वले गर्ने नीतिगत निर्णय र समन्वयका कामसमेत प्रभावित भए ।

मन्त्रिपरिषद्ले पूर्णता पाएको पनि लामो समय भएको छैन । अहिलेसम्म दुईपटक मात्र मन्त्रिपरिषद् बैठक बसेको छ । भदौ १० र २४ गते बसेका बैठकले सचिवको पदस्थापन, बाँकी पृष्ठ ४

६३ जिल्लामा नेपाली कांग्रेसको वडा अधिवेशन सम्पन्न



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ५ असोज

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णयानुसार आगामी २०८३ असोज १६ देखि १९ गतेसम्म आयोजना हुन गइरहेको १५ औं केन्द्रीय महाधिवेशनअन्तर्गत तेस्रो दिन सोमबार पनि देशभर वडा अधिवेशन प्रक्रिया उत्साहप्रद रूपमा सम्पन्न भएको छ ।

अधिवेशनका क्रममा हालसम्म ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, उदयपुर, ओखलढुंगा, झापा, सुनसरी, बारा, दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, चितवन, लगायत ६३ जिल्लाका वडा अधिवेशन पूर्ण रूपमा सम्पन्न भइसकेका छन् ।

यसैगरी, धनुषा क्षेत्र नं. ४, मोरङ क्षेत्र नं. ६, नवलपरासी क्षेत्र नं. २, सप्तरी क्षेत्र नं. २ र ४, बाँकी पृष्ठ २

दसैँको अग्रिम टिकट बुकिङ मौसमको अवस्था हेरेरमात्र खुला गरिने



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ५ असोज

यातायात व्यवस्था विभागले प्रतिकूल मौसमको अवस्था हेरेर मात्रै दसैँको अग्रिम टिकट बुकिङ खुला गरिने जनाएको छ ।

चाडपर्व लक्षित सार्वजनिक यातायात व्यवस्थापनका विषयमा सोमबार काठमाडौंमा सरोकारवाला निकायसँग छलफल गर्दै विभागले हाल जारी विपद् र केही दिन प्रतिकूल मौसमको अवस्था हेरेर मात्र दसैँको अग्रिम टिकट बुकिङ खुला गर्नु उपयुक्त हुने सरोकारवालाहरूको सुझावअनुसार आवश्यक निर्णय गरिने जनाएको हो ।

साथै चाडपर्वमा चल्ने लामो दूरीका सवारीसाधनको 'भेहिकल फिटनेस टेस्ट' औपचारिकतामा मात्र सीमित नगरी कडाइका साथ वास्तविक परीक्षण गरेर मात्र रूट परमिट दिन निर्देशन दिइने विभागका महानिर्देशक राजीव पोखरेलले बताए ।

सडक जाम नियन्त्रण, सवारी छुट्ने समयको पालना, तथा राजमार्गका होटल, खाजाघर र शौचालयको गुणस्तर एवं सरसफाइ अनुगमन गर्न गृह मन्त्रालयमार्फत ७७ वटै जिल्लाका बाँकी पृष्ठ २

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

मंगलवार, ६ असोज, २०८३
Tuesday, 22 Sep 2026

सम्पादकीय

तीन दशकको प्रतिक्षा अब अन्त्य गर

मदन भण्डारी राजमार्गअन्तर्गत पर्ने बड्डीचौर-खम्बागाडे सडक कर्णालीको विकासमा देखिएको ढिलासुस्तीको एउटा प्रतिनिधि उदाहरण हो । करिब तीन दशकदेखि स्तरोन्नतिको प्रतीक्षामा रहेको यो सडक अझै पनि निर्माणाधीन अवस्थामै छ । सडक निर्माण सुरू भएको लामो समय बितिसक्दा पनि नागरिकले सहज र सुरक्षित यातायातको सुविधा पाउन सकेका छैनन् । विकासका नाममा बजेट छुट्याउने, ठेक्का लगाउने र पटक-पटक म्याद थप्ने तर सडक सम्पन्न नगर्ने प्रवृत्तिले नागरिकको धैर्यको सीमा नाघिसकेको छ ।

बड्डीचौर-खम्बागाडे सडक पश्चिम सुर्खेतका नागरिकका लागि आवागमनको महत्वपूर्ण मार्ग हो । सडकको दुरवस्थाले दैनिक यात्रुदेखि बिरामी, गर्भवती, ज्येष्ठ नागरिक र विद्यार्थीसमेत प्रत्यक्ष प्रभावित छन् । वर्षायाममा हिलो र पानीका कारण तथा हिउँदमा धुलो र खाल्डाखुल्डीका कारण यात्रुले सास्ती खेप्नुपर्छ । सडक स्तरोन्नतिको काम अघि बढे पनि निर्माणको गति अपेक्षित छैन । सडक निर्माणमा हुने ढिलाइले यात्रुको समय र खर्च मात्रै बढाउँदैन, स्थानीय उत्पादनको बजारीकरण, व्यवसाय र समग्र आर्थिक गतिविधिमासमेत असर पार्छ । सडक निर्माणमा समस्या आउनुका कारण अनेक हुन सक्छन् । ठेकेदारको ढिलाइ, निर्माण सामग्रीको अभाव, डिजाइन परिवर्तन, बजेट व्यवस्थापन वा सरकारी निकायबीचको समन्वय अभावजस्ता कारण देखाएर लामो समयसम्म नागरिकलाई सास्ती दिएर कुराइरहन भने मिल्दैन । सार्वजनिक स्रोत खर्च हुने आयोजना भएकाले यसको समयमै गुणस्तरीय निर्माण गर्नु सरकार र निर्माण व्यवसायी दुवैको जिम्मेवारी हो । आयोजना कार्यान्वयन गर्ने निकायले समस्या पहिचान गरेर समाधानको पहल गर्नुपर्ने हो । तर समस्या देखाएर आयोजना लम्ब्याउने प्रवृत्तिले राज्यको लगानीको प्रतिफलसमेत कमजोर बनाउँछ ।

तीन दशक लामो प्रतीक्षापछि पनि सडकले नागरिकलाई सुविधा दिन नसक्नु सामान्य विषय होइन । अब म्याद थप्नेभन्दा निर्माण सम्पन्न गर्ने स्पष्ट कार्ययोजना आवश्यक छ । सम्बन्धित निकायले कामको नियमित अनुगमन गरी ढिलाइको जिम्मेवारी निर्धारण गर्नुपर्छ । निर्माणको गुणस्तरमा पनि उत्तिकै ध्यान दिनुपर्छ किनकि हतारमा सकिएको कमजोर सडकले फेरि नागरिकलाई उही समस्या दोहोऱ्याउन सक्छ । नागरिकले सडक कहिले बन्छ भन्ने प्रश्नको जवाफ फेरि अर्को वर्ष कुर्न नपरोस् । विकासको अर्थ बजेट खर्च गर्ने मात्र नभई त्यसबाट नागरिकले सुविधा पाएपछि मात्रै साँच्चिकै विकास भएको देखिन्छ ।

दसैंको...

प्रमुख जिल्ला अधिकारीहरूलाई जिम्मेवार बनाइने पोखरेलको भनाइ छ ।

बाढी र पहिरोका कारण बीपी राजमार्ग वा हेटौंडा जोड्ने बाटो लगायतका राजमार्ग तत्काल सफा र मर्मत गर्न पूर्वाधार मन्त्रालयमार्फत सडक विभागलाई पत्राचार गरिने विभागले जनाएको छ ।

चाडपर्वको समयमा पेट्रोलियम पदार्थको मूल्य बढे पनि भाडादर नबढ्ने गरी मूल्य स्थिर राख्न उद्योग तथा वाणिज्य मन्त्रालयमार्फत पहल गरिने निर्णय पनि भएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष सरोज सिटौलाले भाडा समायोजन र चाडपर्वमा इन्धन मूल्य स्थिर राख्न आग्रह गरे । यातायात व्यवस्था विभागले १ वर्षको भाडा समायोजन गरिदिएकोमा प्रशंसा गर्दै केही प्राविधिक त्रुटिहरू सुधार गर्न उनले सुझाए । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढे पनि राज्यले घाटा बेहोरेर भए पनि आजकै मितिबाट चाडपर्वभर पेट्रोलियम पदार्थको मूल्य नबढाउन आग्रह गरेका छन् ।

अनलाइन टिकेटिङ र प्रविधिमैत्री सेवा लागू गर्न व्यवसायीहरू तयार भए पनि विभागले स्पष्ट कार्यविधि र प्राविधिक मापदण्ड नबनाएकाले समस्या भएको उनको भनाइ छ ।

६३ जिल्लामा...

सिरहा, रौतहट क्षेत्र नं. १, सर्लाही क्षेत्र नं. २ तथा अछामका ३ वडा, डडेल्धुराका ४ वडा, रुपन्देहीका ३ वडा र महोत्तरीका ८ वडामा अधिवेशन अन्तिम चरणमा पुगेको पार्टीले जनाएको छ ।

धादिङ, नुवाकोट र हालसम्म अधिवेशन सम्पन्न हुन बाँकी रहेका अन्य वडाहरूको अधिवेशन निरन्तर जारी रहने नेपाली कांग्रेसले जनाएको छ ।

बाढीपछि: सिकाई, मानसिक पुनःस्थापन र पुनःनिर्माणका लागि संघर्षरत बालबालिका र विद्यालय



✍ नेत्रलाल सुनार
बरिष्ठ शिक्षा संयोजक
गोल्डेन कम्युनिटी

पृष्ठभूमि

मानिस सामान्यतया प्रकृतिको काखमा जन्मन्छ, प्रकृतिकै बीचमा हुर्कन्छ, प्रकृति सँगै आफ्नो दैनिक जीवनयापन गर्छ र जीवनका हरेक आरोह-अवरोह पार गर्दै अन्ततः प्रकृतिकै काखमा विलीन हुन्छ । मानव जीवन र प्रकृतिबीचको सम्बन्ध अत्यन्त घनिष्ठ र अभिन्न छ । प्रकृतिले मानव जीवनलाई आधार, आश्रय र अस्तित्व प्रदान गर्दै आएको छ । तर, प्रकृतिका केही स्वरूप यस्ता हुन्छन्, जसले मानव सभ्यता, संरचना र जीवनलाई क्षणभरमै तहसनहस पनि पार्न सक्छन् । बाढी, पहिरो, भूकम्प, आँधी, आगलागी, चट्याङ, हावा हुरी लगायतका प्राकृतिक विपत्तिहरू त्यसका केही उदाहरण हुन् । यस्ता विपत्तिहरूले मानिसलाई प्रकृतिको शक्ति र त्यसका अगाडि मानव जीवनको संवेदनशीलताको गहिरो अनुभूति गराउँछन् ।

२०८३ साल भाद्र १० गते घटेको अकल्पनीय र हृदयविदारक विपत्तिले यस्तै कठोर वास्तविकताको स्मरण र महसूसीकरण गराएको छ । सामान्य दिन झैं सुरु भएको त्यो दिन क्षणभरमै हजारौं मानिसका लागि जीवनकै सबै भन्दा पीडादायी दिन बन्न पुग्यो। अप्रत्याशित रूपमा आएको बाढीले जनजीवनमा ठूलो क्षति पुऱ्याउँदै परिवार, समुदाय र समग्र राष्ट्रलाई नै गहिरो शोकमा डुबायो । बाढीका कारण देशका विभिन्न भागमा हजारौं घरपरिवार प्रत्यक्ष रूपमा प्रभावित भए । कतिपय परिवारले आफ्नो घर, सम्पत्ति, जीविकोपार्जनका साधन तथा वर्षौंको मेहनतबाट आर्जित सम्पूर्ण सम्पत्ति गुमाउनुपऱ्यो भने कतिपय परिवारले आफ्ना प्रियजन समेत गुमाउनु परेको पीडादायी अवस्था सिर्जना भयो ।

वर्तमान अवस्था

यो विपत्तिले धेरै आमाको काख रित्तयायो, धेरै महिलाको सिउँदो पुछ्यो र धेरै बालबालिकालाई अभिभावक विहीन तथा बेसहारा बनायो । आफ्ना सन्तान, श्रीमान्, आमाबुबा वा आफन्तजनलाई आँखै अगाडि गुमाउनु पर्दाको पीडा शब्दमा व्यक्त गर्न सकिने अवस्था छैन । एकै छिन अघि सम्म हाँसिरहेको परिवार क्षणभरमै शोकमा डुब्नु, आफ्ना प्रियजनको अवस्था थाहा नहुनु र जीवित छन् कि छैनन् भन्ने अन्योलमा दिन बिताउनुपर्ने अवस्था आफैंमा अत्यन्त पीडादायी र त्रासदीपूर्ण छ। बागेश्वरी माध्यामिक बिद्यालय गल्छी ६ बैरेनी धादिङकी बाल विकास सहजकर्ता माया न्यौपाने आज पनि भाद्र १० गतेको त्यो घटना सम्झँदा शरीर जिरिङ्ग हुने र मनमा भय तथा त्रास उत्पन्न हुने आफु ठुलो दुर्घटनाबाट बचेको महसुस हुने,बेला बेलमा मुटु ढुक ढुक भइरहने गरेको अनुभव सुनाउनु हुन्छ । त्यो दिनको पीडा अझ बढी हृदयविदारक तब बन्छ, जब सामान्य दैनिक जीवन बिताइरहेका मानिसहरू नै अप्रत्याशित रूपमा विपत्तिको सिकार बन्न पुगे । बिहान कार्यालय तर्फ जाँदै गरेका कर्मचारी, घरमा परिवारका सदस्यका लागि खाना तयार गर्दै गरेकी आमा, आफ्ना छोराछोरीलाई विद्यालय पुऱ्याउँदै गरेका अभिभावक तथा विद्यालयतर्फ जाँदै गरेका बालबालिकाहरूले केही क्षणमै आफ्नो जीवन गुमाउनु परेको घटनाले सबैलाई स्तब्ध बनाएको छ । जीवनका सामान्य गतिविधिमा व्यस्त रहेका मानिसहरूलाई प्रकृतिले एकै छिनमा मृत्यु र बेपत्ताको पीडामा धकेलिदियो । यस्तो पीडा भोगेका परिवारहरूको अवस्था र उनीहरूले अनुभूति गरेको मानसिक आघातलाई सामान्य शब्दमा वर्णन गर्न सम्भव छैन ।

घटना, पीडा र प्रभाव लेखाजोखा

भाद्र १० गतेको विपत्तिले भौतिक संरचनामा मात्र क्षति पुऱ्याएको छैन; यसले हजारौं मानिसको मनमा गहिरो मानसिक तथा भावनात्मक घाउ समेत छोडेको छ। विशेष गरी बालबालिकाहरुमा यस घटनाको दीर्घकालीन मनोसामाजिक प्रभाव पर्न सक्ने देखिन्छ। बाढीको दृश्य, परिवारका सदस्यको वियोग, घरबारविहीन अवस्था, आफन्तको बेपत्ता हुनु तथा भविष्यप्रतिको अनिश्चितताले प्रभावित समुदायमा डर, त्रास, चिन्ता र असुरक्षाको भावना बढाएको छ। त्यसैले विपत्तिपछिको पुनर्स्थापनालाई केवल भौतिक पुनर्निर्माणका रूपमा नहेरी मानवीय तथा मनोसामाजिक पुनर्स्थापनासँग पनि जोड्न आवश्यक छ।

म GPE KIX को सहयोगमा सञ्चालित नेपालमा बालबालिका अभिभावक र शिक्षक त्रयद्धारा बिद्यालय तयारीको अन्तराल हटाउने र बिस्तार गर्ने परियोजनामा कार्यरत छु। यो परियोजना नुवाकोट र धादिङ जिल्लाका धुनिवेशी, गल्छी, थाक्रे, गजुरी, शिवपुरी, पञ्चकन्या, तारकेश्वर र ककनी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा सञ्चालित छ। परियोजनाको कार्यक्षेत्रमा रहेका विद्यालयहरूमा प्रारम्भिक बाल विकास र समावेशी शिक्षा सहयोगमा परिचालित छ। परियोजना कार्यान्वयन भएका बिद्यालयहरुमा परियोजनका गतिबिधि मार्फत बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनका लागि अभिभावक तथा बिद्यालयका शिक्षकहरुलाई बिभिन्न तालिम तथा सचेतनामुलक क्रियाकलाप सञ्चालन गदै आईरहको छ ।

हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण परियोजना क्षेत्रका केही विद्यालय तथा विद्यालय आसपासका समुदायहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित भएका छन् । बाढी पश्चात् प्रभावित क्षेत्रको । बिद्यालयका प्रधानाध्यापक, बाल विकास सहजकर्ता र केही अभिभावकहरुसँग गरिएको कुराकानी र संवादबाट प्राप्त सुचनाका आधारमा बाढीले पारेको प्रभाव र बिद्यालय तथा समुदायको वर्तमान अवस्था यस लेख मार्फत उजागर गर्ने प्रयास गरिएको छ ।

भदौ १० गते बागेश्वरी माध्यमिक विद्यालय, धादिङमा सधैँ झैं शिक्षक तथा बालबालिकाहरू नियमित रूपमा विद्यालयमा उपस्थित भइसकेका थिए । बिहानको प्रार्थनाको तयारी भइरहेका बेला अचानक भोटेकोशी नदीमा ठूलो बाढी आएको र रसुवा, स्याप्रुबेशी, वेत्रावती, त्रिशूली लगायतका आसपासका क्षेत्रमा बाढीले ठूलो क्षति पुऱ्याएको खबर प्राप्त भयो । बाढीको अवस्था भयावह बन्दै गएको र विद्यालयमा समेत जोखिम हुन सक्ने जानकारी आए पछि विद्यालयमा रहेका सबैलाई जति सक्दो छिटो सुरक्षित स्थानतर्फ जानलाई सुचित गर्न बिद्यालयकै एक जना शिक्षकले माइकिङ गर्दै सबै शिक्षक तथा बालबालिकालाई विद्यालयबाट माथिको डाँडातर्फ जान सूचना दिनु भयो । अचानक आएको यस्तो सूचना र बाढीको भयावह अवस्थाको जानकारीले शिक्षकहरू समेत एकछिन झस्किए र आत्तिए । आफ्नै सुरक्षाबारे चिन्ता हुँदा हुँदै पनि शिक्षकहरूले बालबालिकाको सुरक्षालाई पहिलो प्राथमिकतामा राखी उनीहरूलाई व्यवस्थित रूपमा विद्यालयबाट बाहिर निकाल्न थाले ।

साना बालबालिकाहरू डराएर रुँदै आफ्ना आमा-बुबा तथा परिवारका सदस्यहरूलाई खोजिरहेका थिए भने कतिपय बालबालिकाहरू आत्तिएर शिक्षक तथा ठूला व्यक्तिहरूलाई समातेर बसिरहेका थिए । यस्तो अवस्थामा शिक्षकहरूलाई बालबालिकालाई सम्झाउँदै सुरक्षित स्थानमा लैजानु निकै चुनौतीपूर्ण भएको थियो। विद्यालयबाट करिब १० मिनेट हिँडेर सबैलाई माथिल्लो सुरक्षित स्थानमा पुऱ्याइयो । केही समयपछि तल विद्यालयतर्फ हेर्दा विद्यालय परिसर जलमग्न भइसकेको, चारैतिर धुँवा तथा कुहिरो जस्तो वातावरण देखिएको र बाढीको अवस्था झन् भयावह बन्दै गएको थियो। उक्त दृश्य देखे पछि शिक्षक तथा बालबालिकाहरू केही समय मौन र स्तब्ध भएका थिए । त्यस समयमा शिक्षकहरूमा बालबालिकाको सुरक्षा सँगै आफ्ना घरपरिवार, आफन्त तथा छिमेकीहरूको अवस्था बारे समेत गहिरो चिन्ता देखिन्थ्यो । बाढीको प्रवाह बढ्दै गएको, बजारका घरहरू समेत डुबानमा परेको र चारै तिर कोलाहल तथा भागदौडको अवस्था रहेकाले सबैमा डर, त्रास र मानसिक तनाव बढ्दै गएको थियो । अर्को तर्फ, बालबालिकाका अभिभावकहरूले आफ्ना छोराछोरीको अवस्थाबारे जानकारी लिन पटक-पटक फोन गरिरहेका थिए ।

आफन्त, साथी भाइ तथा छिमेकीहरूबाट समेत निरन्तर फोन तथा सन्देश आइरहेकाले शिक्षकहरूमा थप चिन्ता र अन्योल उत्पन्न भएको थियो । एका तर्फ बालबालिकाहरूलाई सुरक्षित राख्ने जिम्मेवारी, अर्को तर्फ आफ्ना परिवार तथा आफन्तहरूको अवस्था अज्ञात हुनुका कारण शिक्षकहरू मानसिक रूपमा निकै तनावपूर्ण अवस्थामा थिए । कतिपय शिक्षकहरू आफू सुरक्षित छु कि छैन भन्ने भन्दा पनि बालबालिकाहरू सुरक्षित छन् कि छैनन् भन्ने चिन्तामा बढी केन्द्रित थिए । बाढीको पानी बढ्दै गएको र विद्यालय तथा बजार क्षेत्र डुबानमा परेको दृश्यले शिक्षक र बालबालिकामा असुरक्षाको भावना थप बढाएको थियो । बालबालिकाहरूको अनुहारमा स्पष्ट रूपमा भय र त्रास देखिन्थ्यो भने शिक्षकहरू पनि बाहिरबाट संयमित देखिए पनि भित्रभित्रै निकै आत्तिएका र चिन्तित थिए। यस्तो विषम परिस्थितिमा शिक्षकहरूले आफ्नो डर र चिन्तालाई नियन्त्रण गर्दै बालबालिकालाई सम्झाउने, सुरक्षित राख्ने, पानी तथा आवश्यक सहयोग उपलब्ध गराउने र अभिभावकसँग सम्पर्क गराउने प्रयास निरन्तर गरिरहेका थिए । करिब ३ बजेतिर बाढीको प्रवाह केही रोकिएपछि बाटोको अवस्था बुझेर बालबालिकाहरूलाई क्रमशः अभिभावकको जिम्मा लगाइयो । त्यस पछि शिक्षक तथा विद्यालयका कर्मचारीहरू नजिकैको सुरक्षित विद्यालयमा गई रात बिताउन बाध्य भए । दिन भरको घटनाले सबैमा शारीरिक थकानसँगै गहिरो मानसिक तनाव र भयको अवस्था सिर्जना गरेको थियो । अचानक आएको विपद्ले ल्याएको भयावह दृश्य, आफ्ना परिवार तथा आफन्तहरूको अवस्था बारेको चिन्ता र बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु पर्ने जिम्मेवारीले शिक्षकहरूमा डर, त्रास, चिन्ता र असहजताको गहिरो अनुभूति भएको थियो ।

उहाँहरू सँग गरिएको नियमित कुराकानी तथा समन्वयबाट बाढी प्रभावित क्षेत्र तथा त्यस आसपासका समुदायमा पीडा, शोक, भय, डर तथा त्रासको अवस्था अझै कायम रहेको पाइएको छ। विशेष गरी नदी आसपास तथा बाढी र नदी कटानको उच्च जोखिममा रहेका विद्यालयका शिक्षक, विद्यालय कर्मचारी, बालबालिका तथा अभिभावकहरूमा पुनः बाढी आउन सक्ने सम्भावनालाई लिएर गम्भीर चिन्ता र असुरक्षा महसुस गरिहेको देखिन्छ। विद्यालयका प्रधानाध्यापक तथा बाल विकास सहजकर्ताहरू सँगको कुराकानीका क्रममा धेरै शिक्षक तथा विद्यालय कर्मचारीहरूले आफूहरू अझै पनि भय र त्रासको अवस्थामा रहेको बताउनु भएको छ। बाढीबाट प्रभावित तथा नदी किनारमा रहेका विद्यालयमा कार्यरत शिक्षक र अध्ययनरत बालबालिकाहरूमा

"फेरि बाढी आयो भने विद्यालयको अवस्था के होला ?", "विद्यालयको संरचना भासियो वा बगायो भने के गर्ने?", "शिक्षण-सिकाइ भइरहेको अवस्थामा अचानक बाढी आएमा आफू र बालबालिकालाई कसरी सुरक्षित राख्ने?"

जस्ता प्रश्न र चिन्ता निरन्तर रूपमा मनमा खेलिरहने गरेको धारणा व्यक्त गरेका छन् ।

विशेषगरी नदी कटान भइरहेको स्थान तथा नदीको नजिक रहेका विद्यालयहरूमा विद्यालयको भौतिक संरचना, बालबालिकाको सुरक्षा तथा विद्यालय सञ्चालनको निरन्तरताबारे गम्भीर आशंका उत्पन्न भएको देखिन्छ। बाढीका कारण यसअघि भोग्नु परेको क्षतिको अनुभव तथा पुनः बाढी आउन सक्ने अनिश्चितताले शिक्षक तथा बालबालिकामा मानसिक रूपमा असुरक्षित र त्रसित वातावरण सिर्जना गरेको छ। साथै बालबालिकाहरुमा मानसिक स्वास्थ्य सम्बन्धि बिभिन्न समस्याहरु देखिन थालेका छन। बिशेष गरी अभिभावक, छिमेकीहरुले बाढी अएको समयमा उद्धार तथा खोज कार्यमा संलग्न रहदा देखिएका शवका अङ्गहरु र शव क्षत बिक्षत अवस्थामा रहेको कुरा गर्दा बालबालिकाले सुन्ने गरेका छन भने अर्को तर्फ सामाजिक सञ्जालमा आएका बाढी सँग सम्बन्धित फोटो भिडियो अभिभावक सँगै हेर्ने गर्दा पनि बालबालिकाहरुमा मानसिक रुपमा समस्या देखिन थालेको पाइन्छ। जसको परिणाम स्वरुप बालबालिकाहरुमा बिद्यालय जान डराउने घरबाट बाहिर निस्कन हिचकिचाउने, एक्लै बस्ने, डराउने, अभिभावक सँगै टाँसिएर बस्ने ,बारम्बार नराम्रो सपना देख्ने, सानो सानो आवाजमा पनि झस्कने जस्ता समस्याहरु देखिन थालेका छन् भने अर्को तर्फ वर्तमान परिस्थितिले शिक्षकहरुको मानसिक स्वस्थयमा समेत प्रत्यक्ष प्रभाव पारेको देखिन्छ। कक्षा कोठाको असहज तथा दयानीय अवस्था देख्दा मर्माहित हुने, भावनात्मक रुपमा तनावको महसुस गर्ने र आफ्नो जिम्मेवारी प्रति चिन्तित हुने अवस्थाको सृजना गरेको पाइन्छ।

यसका साथै नियमित रुपमा शिक्षण सिकाई प्रक्रियालाई पहिलेकै अवस्थामा सञ्चालन गर्न कठिनाई रहेको छ। जसका लागि बिद्यालय तथा कक्षा कोठाको पुनर्निर्माण वा पुनःस्थापनाका लागि आवश्यक श्रोत तथा साधनको अभावले शैक्षिक गतिबिधिलाई निरन्तरता दिने चुनौतीले पनि शिक्षकहरुमा थप मानसिक दबाब सृजना गरेको छ । बिशेष गरी सम्भावित विपद् वा हुन सक्ने अप्रिय घटनाबाट साना बालबालिकाहरुलाई कसरी सुरक्षित राख्ने भन्ने डर र चिन्ता लगाएतका कुराले शिक्षकहरुमा थप मानसिक समस्या बन्न पुगेको छ । यस प्रकारको निरन्तर भय, त्रास र अनिश्चितताले विद्यालयमा शिक्षक तथा बालबालिकाको नियमित उपस्थिति, मनोसामाजिक अवस्था बाँकी पृष्ठ ३

स्थानीय तहमै करदाता सेवा

काँक्रेविहार संवाददाता
दैलेख, ५ असोज

करदाता सेवा स्थानीयस्तरमै उपलब्ध गराउने उद्देश्यले आन्तरिक राजस्व कार्यालय सुर्खेत र दैलेखका स्थानीय तहबीच समझदारी भएको छ। समझदारीसँगै जिल्लाका विभिन्न पालिकाबाटै करसम्बन्धी सेवा उपलब्ध गराउने प्रक्रिया अघि बढेको हो।

आन्तरिक राजस्व कार्यालय सुर्खेतका अनुसार नारायण, दुल्लु, चामुण्डा बिन्द्रासैनी र आठबिस नगरपालिका तथा नौमुले, भगवतीमाई, डुङ्गेश्वर, गुराँस र ठाँटीकाँधलगायत स्थानीय तहसँग करदाता सेवा विस्तारका लागि समझदारी गरिएको छ।

समझदारी अनुसार स्थानीय तहबाटै व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर (प्यान) प्राप्त गर्न आवश्यक सहजीकरण, मूल्य अभिवृद्धि कर (भ्याट) दर्ताका लागि सिफारिस, अन्तःशुल्क इजाजतपत्र तथा नवीकरणमा सहजीकरण र कर



चुक्ता प्रमाणपत्रका लागि आवश्यक सिफारिसलगायत सेवा उपलब्ध गराइनेछ।

नारायण नगरपालिकाका नगरप्रमुख लोमन शर्माले आन्तरिक राजस्व कार्यालय सुर्खेतसँग समझदारी गरी नगरपालिकाबाटै करसम्बन्धी सेवा प्रवाह सुरु गरिएको जानकारी दिए।

उनका अनुसार सामान्य कर सेवा लिनसमेत सुर्खेत पुग्नुपर्ने अवस्थाको अन्त्य गर्न स्थानीयस्तरमै सेवा उपलब्ध गराउन थालिएको हो।

सामान्य प्यानमा दर्ता भएका व्यवसायीले समेत कर चुक्ताका लागि सुर्खेत पुग्नुपर्ने बाध्यता रहँदा सेवाग्राहीको समय र खर्च बढ्दै आएको थियो। स्थानीय तहबाटै सेवा उपलब्ध भएपछि उक्त समस्या कम हुने अपेक्षा गरिएको छ।

आन्तरिक राजस्व कार्यालय सुर्खेतका प्रमुख कर अधिकृत चकप्रसाद ढुङ्गानाले दैलेखका ११ वटै स्थानीय तहसँग कर सेवा विस्तारका लागि समझदारी गरिएको बताए। केही पालिकाबाट सेवा सुरु भइसकेको र बाँकी पालिकामा पनि छिट्टै सेवा सञ्चालन गरिने उनले जानकारी दिए।

उनका अनुसार पहिलो चरणमा नारायण नगरपालिका, आठबिसकोट नगरपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका, दुल्लु नगरपालिका, भैरवी गाउँपालिका र गुराँस गाउँपालिकाबाट सेवा सुरु भएको छ।

महाबु, नौमुले, डुङ्गेश्वर, ठाँटीकाँध र भगवतीमाई गाउँपालिकाबाट पनि छिट्टै सेवा प्रवाह गरिनेछ। स्थानीय तहबाट करदाता सेवा विस्तार भएपछि कर प्रशासनको पहुँच गाउँगाउँसम्म पुग्नुका साथै सेवाग्राहीको समय, यातायात खर्च र झन्झट कम हुने अपेक्षा गरिएको छ।

औलोको संक्रमण बढ्दो



काँक्रेविहार संवाददाता
सल्यान, ५ असोज

कालिमाटी गाउँपालिकामा २७ वर्षीय एक युवकमा औलो संक्रमण पुष्टि भएको छ। कालिमाटी गाउँपालिका चार निवासी मेघराज सुनारमा औलो संक्रमण देखिएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।

भारतको गुवा क्षेत्रबाट घर फर्किएको करिब एक सातापछि सुनार बिरामी परेका थिए। ज्वरोसहित स्वास्थ्यमा समस्या देखिएपछि उनी प्रारम्भिक उपचारका लागि रामपुर स्वास्थ्य चौकी पुगेका थिए।

स्वास्थ्य चौकीमा गरिएको च्यापिड डायग्नोस्टिक टेस्ट (आरडीटी) मार्फतको प्रारम्भिक परीक्षणमा औलो संक्रमणको आशङ्का देखिएपछि थप परीक्षणका लागि जिल्ला अस्पताल सल्यान पठाइएको थियो।

जिल्ला अस्पतालमा गरिएको परीक्षणबाट समेत औलो संक्रमण पुष्टि भएको कालिमाटी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख गोरख थापाले जानकारी दिए। उनका अनुसार भारतबाट फर्किएको करिब एक सातामै बिरामी परेकाले सुनारलाई भारतमै औलो संक्रमण भएको हुन सक्ने अनुमान गरिएको छ।

संक्रमण पुष्टि भएपछि स्वास्थ्य सेवा कार्यालय सल्यानका जनस्वास्थ्य अधिकृत तारा रिजाल, कालिमाटी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख थापा तथा प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत श्याम आचार्यसहितको टोली प्रभावित क्षेत्रमा पुगेको थियो।

टोलीले संक्रमित सुनारलाई आवश्यक औषधि निःशुल्क उपलब्ध गराएको छ। साथै उनीसंग प्रत्यक्ष सम्पर्कमा रहेका तथा आसपासका क्षेत्रमा औलोको जोखिम हुन सक्ने व्यक्तिको समेत खोजी गरी परीक्षण गरिएको थियो।

स्वास्थ्य शाखाका अनुसार करिब २५ देखि ३० जनाको परीक्षण गर्दा अन्य कसैमा पनि औलो संक्रमण पुष्टि भएन। कालिमाटी गाउँपालिकामा यसअघि पनि औलो संक्रमण देखिएको थियो। एक वर्षअघि गाउँपालिका तीनमा एक जनामा औलो संक्रमण पुष्टि भएको स्वास्थ्य शाखाले जनाएको छ।

स्वास्थ्यकर्मीहरूले भारत तथा औलोको जोखिमयुक्त क्षेत्रबाट फर्किएका व्यक्तिमा लगातार ज्वरो आउने, शरीर काँप्ने, टाउको दुख्ने वा अत्यधिक पसिना आउनेजस्ता लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा पुगेर परीक्षण गराउन आग्रह गरेका छन्। समयमै परीक्षण र उपचार गरेमा औलो नियन्त्रण गर्न सकिने स्वास्थ्यकर्मीको भनाइ छ।

सांसददेखि मन्त्रीसम्म भए, तर काइकेको सडक अधुरै



काँक्रेविहार संवाददाता
डोल्पा, ५ असोज

जिल्लाको काइके गाउँपालिकाले पटक-पटक सांसद र मन्त्री पाए पनि स्थानीय नागरिकले वर्षौंदेखि भोग्दै आएको सडकको समस्या समाधान हुन सकेको छैन।

संघ र प्रदेश दुवै तहमा काइकेका जनप्रतिनिधिको प्रतिनिधित्व रहे पनि सडक निर्माणले गति लिन नसकेको स्थानीयको गुनासो छ।

२०७० सालको संविधानसभा निर्वाचनदेखि धनबहादुर बुढा यही क्षेत्रबाट निर्वाचित हुँदै आएका छन्।

उनी संघीय सांसदसँगै राज्यमन्त्री र सहरी विकासमन्त्रीको जिम्मेवारी समेत पाएका थिए। यस्तै, २०७९ सालको प्रदेशसभा निर्वाचनबाट शेरबहादुर बुढा निर्वाचित भएका थिए। उनले कर्णाली प्रदेशको भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको जिम्मेवारी पाएका थिए।

तर भेरी करिडोरअन्तर्गत दुनै-लासिक्याप सडकखण्ड अझै अधुरो छ। २०७८ चैत १७ गते सूर्य-श्रेया शान्ति देवी जेभीसँग १३ करोड ८२ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो।

सम्झौता अनुसार २०८२ पुस १६ गतेभित्र काम सम्पन्न गर्नुपर्ने भए पनि हालसम्म सडकको भौतिक प्रगति करिब ५० प्रतिशत मात्रै रहेको बताइएको छ।

सडक निर्माणमा ढिलाइ हुँदा काइकेसहित माथिल्लो डोल्पाका नागरिकले सदरमुकाम दुनैसम्म पुग्न जोखिमपूर्ण यात्रा गर्नुपरेको छ।

दैनिक उपभोग्य वस्तु तथा निर्माण सामग्री ढुवानीमा समेत समस्या रहेको स्थानीयको भनाइ छ। काइके गाउँपालिकाका अध्यक्ष अंकद रानाले सडक निर्माण समयमा नहुँदा स्थानीयले समस्या भोगिरहेको बताए।

स्थानीय सौनी रोकायाले क्षेत्रबाट पटक-पटक सांसद र मन्त्री बने पनि सडकको अवस्था सुधार हुन नसकेको गुनासो गरे।

निर्माण व्यवसायीका प्रतिनिधि भीम बोहोराका अनुसार कडा चट्टानका कारण केही स्थानमा ब्लास्टिङ गर्नुपर्ने भएकाले काम प्रभावित भएको हो। भेरी करिडोर कार्यालयले भने निर्माण व्यवसायीलाई पटक-पटक ताकेता गरिरहेको जनाएको छ।

भेरी करिडोरलाई माथिल्लो डोल्पासहित चीनतर्फ जोड्ने महत्वपूर्ण सडकका रूपमा विकास गर्ने लक्ष्य रहे पनि दुनै-लासिक्याप खण्डको ढिलाइले सडक सञ्जाल विस्तार प्रभावित भएको छ।

१ हजार २ सय ९२ छात्रालाई एचपीभी खोप

काँक्रेविहार संवाददाता
जुम्ला, ५ असोज

जुम्लाको एक नगरपालिका र सात गाउँपालिकामा पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप अभियान सुरु भएको छ। असोज पाँच र ६ गते सञ्चालन हुने अभियान अन्तर्गत जिल्लाका ८४ वटा खोप केन्द्रबाट एक हजार दुई सय ९२ जना छात्रालाई खोप लगाइँदैछ। जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका प्रमुख किरण शर्माका अनुसार कक्षा ६ मा अध्ययनरत एक हजार दुई सय ५७ जना र विद्यालयबाहिर रहेका १० वर्ष उमेर समूहका ३५ जना बालिकालाई खोप लगाउने लक्ष्य राखिएको छ।

अभियानका लागि आवश्यक तयारी पूरा भएको उनले बताए। खोप अभियानका लागि चन्दननाथ नगरपालिकामा १७ वटा खोप केन्द्र निर्धारण गरिएको छ।

पातारासीमा १२, तिलामा नौ, गुठीचौरमा छ तथा तातोपानी, कनकासुन्दरी, सिंजा र हिमा गाउँपालिकामा आठ-आठ वटा केन्द्र तोकिएको जनस्वास्थ्य सेवा कार्यालयले जनाएको छ।

चन्दननाथमा दुई सय ४९, तातोपानीमा एक सय ८९, पातारासीमा एक सय ९६, गुठीचौरमा एक सय १५, तिलामा एक सय ४७, हिमामा एक सय २०, सिंजामा एक सय १८ र कनकासुन्दरीमा एक सय २३ जना छात्रालाई एचपीभी खोप लगाउने लक्ष्य राखिएको छ। ३५ बालिका विद्यालयबाहिर एचपीभी खोप अभियानका क्रममा जुम्लामा १० वर्ष उमेर समूहका ३५ जना बालिका विद्यालयबाहिर रहेको तथ्यांक सार्वजनिक भएको छ।

शतप्रतिशत साक्षरता घोषणा गरिएको जिल्लामा विद्यालय जाने उमेरका बालिका विद्यालयबाहिर रहेको तथ्यांकले शिक्षाको पहुँचबारे प्रश्न उठाएको छ। विद्यालयबाहिर रहेका बालिकामध्ये कनकासुन्दरीमा १७, पातारासीमा १० र सिंजामा आठ जना छन्।

अभियानका लागि एक हजार दुई सय ९२ डोज एचपीभी खोप, एक हजार चार सय १९ वटा एडी सिरिन्ज, ७६ वटा सेफ्टी बक्स, ७६ वटा खोप रजिस्टर तथा एक हजार चार सय १९ वटा खोप कार्ड तयारी गरिएको कार्यालयले जनाएको छ।

सदस्यता नवीकरणका लागि नेकपाको एकमहिने अभियान

काँक्रेविहार संवाददाता
सुर्खेत, ५ असोज

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) कर्णाली प्रदेश समितिले पार्टी सदस्यता नवीकरणलाई प्रभावकारी बनाउन एकमहिने विशेष अभियान सञ्चालन गर्ने भएको छ। प्रदेश समितिको बैठकले असोज महिनाभर सदस्यता नवीकरण अभियान सञ्चालन गर्ने निर्णय गरेको हो।

प्रदेश संयोजक विमला केसीका अनुसार अभियानलाई प्रभावकारी बनाउन केन्द्रीय सदस्यको नेतृत्वमा स्थानीय तह, प्रदेश समिति सदस्य तथा स्थानीय तहका पदाधिकारी सम्मिलित संयुक्त टोली परिचालन गरिनेछ। ती टोलीले सम्बन्धित क्षेत्रमा पुगेर सदस्यता नवीकरणको कामलाई सहजीकरण तथा अनुगमन गर्नेछन्।

अभियानका क्रममा टोलीका सदस्यलाई कम्तीमा २५ दिन पार्टीको काममा खटाउने निर्णयसमेत गरिएको केसीले जानकारी दिए। पार्टी सदस्यसँग प्रत्यक्ष सम्पर्क गरी सदस्यता नवीकरणको प्रक्रिया अघि बढाइने जनाइएको छ। अभियानअन्तर्गत टोल तथा बस्तीस्तरमा भेला र प्रशिक्षणसमेत सञ्चालन गरिनेछ। त्यसक्रममा सदस्यता नवीकरणको आवश्यकता, पार्टीको राजनीतिक तथा वैचारिक कार्यदिशा, समसामयिक राजनीतिक अवस्था र पार्टी सदस्यको भूमिकाबारे जानकारी गराइनेछ। प्रदेश समितिको बैठकले आगामी महाधिवेशनपछि पार्टीको संगठन र कार्यशैली कस्तो बनाउने भन्ने विषयमा स्थानीयस्तरबाट सुझाव संकलन गर्ने निर्णय पनि गरेको छ। पार्टीभित्रको अनुगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक सुझाव लिखित रूपमा संकलन गरी प्रदेश समितिमा बुझाउने व्यवस्था गरिनेछ।

प्रदेश संयोजक केसीले देशभर पार्टी सदस्यता नवीकरणको काम अघि बढिरहेको अवस्थामा कर्णालीमा त्यसलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विशेष अभियान सञ्चालन गर्न लागिएको बताए।

बाढीपछिः...

तथा शिक्षण-सिकाई प्रक्रियामा समेत प्रत्यक्ष प्रभाव पारिरहेको अवस्था छ । बिशेष गरी जोखिममा रहेका बिद्यालयहरुमा सुरक्षित रुपमा बिद्यालय कक्षा सञ्चालन गर्ने ,संभावित बिपदको अवस्थामा तत्काल अपनाउनु पर्ने सुरक्षा उपायबारे जानकारी गराउने तथा बालबालिका र शिक्षकको मनोसामाजिक सुरक्षालाई प्राथमिकतामा राखी आवश्यक सहयोग तथा समन्वय गर्नु पर्ने आवश्यकता देखिएको छ। यसरी हेर्दा अहिलेको अवस्था केवल भौतिक क्षति र पूर्वाधारमा परेको असरमा मात्र सीमित छैन । बाढीले विद्यालय समुदायमा डर, त्रास, असुरक्षा, चिन्ता, बेचैनी, तनाव तथा भावनात्मक अस्थिरताको अवस्था सिर्जना गरेको छ।

यस्तो परिस्थितिमा शिक्षक स्वयं मानसिक रूपमा असहज अवस्थामा रहँदा उनीहरूले बालबालिकालाई सहज र सुरक्षित वातावरणमा प्रभावकारी रूपमा शिक्षण-सिकाइ गराउन कठिन हुने देखिन्छ। त्यसै गरी, भय र त्रासमा रहेका बालबालिकाले पनि कक्षा कोठामा आफ्नो ध्यान केन्द्रित गर्न, सिकाइ गतिविधिमा सक्रिय रूपमा सहभागी हुन तथा नयाँ कुरा सहज रूपमा ग्रहण गर्न कठिनाइ अनुभव गर्न सक्छन्। फलस्वरूप, यस्तो अवस्थामा सञ्चालन हुने शिक्षण-सिकाइ प्रक्रिया अपेक्षित रूपमा प्रभावकारी, गुणस्तरीय र दिगो हुन नसक्ने सम्भावना रहन्छ।

अबको बाटो

विशेष गरी प्रारम्भिक बाल विकास उमेर समूहका बालबालिकाहरू विपद् तथा त्रासद घटनाबाट तुलनात्मक रूपमा बढी प्रभावित हुन सक्छन्। उनीहरूले आफूले अनुभव गरेका वा अरूबाट सुनेका घटनालाई सही ढङ्गले बुझ्न र त्यसलाई व्यवस्थापन गर्न कठिनाइ अनुभव गर्न सक्छन्। डर, एक्लोपन, चुपचाप बस्ने, पटक-पटक एउटै घटना सम्झने, अभिभावकबाट टाढा हुन नचाहने, विद्यालय आउन डराउने, निद्रामा समस्या देखिने जस्ता विभिन्न व्यवहारिक तथा भावनात्मक प्रतिक्रिया देखा पर्न सक्ने भएकाले यस्तो अवस्थामा बालबालिकाको मनोसामाजिक आवश्यकतालाई प्राथमिकतामा राख्नु अत्यन्त आवश्यक देखिन्छ । तसर्थ, बाढीबाट प्रभावित विद्यालय, समुदाय, शिक्षक, बाल विकास सहजकर्ता र बालबालिकामा देखिएको डर, त्रास, चिन्ता तथा मानसिक बेचैनीलाई कम गर्दै उनीहरूलाई क्रमशः सामान्य अवस्थामा फर्काउन विद्यालयमा प्राथमिक मनोसामाजिक सहयोग तथा मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ। यस्ता कार्यक्रम मार्फत शिक्षक तथा बालबालिकालाई आफ्ना भावना र अनुभव व्यक्त गर्ने सुरक्षित वातावरण प्रदान गर्नुका साथै विपद् पछिको तनाव तथा डरलाई सामान्य रूपमा बुझ्न, सकारात्मक रूपमा सामना गर्न र आफूलाई सुरक्षित राख्ने उपायबारे जानकारी दिई आत्मविश्वास वृद्धि गर्न सकिन्छ।

कर्णालीमा मानसिक स्वास्थ्यलाई प्राथमिकता

काँक्रेविहार संवाददाता
सुर्खेत, ५ असोज



कर्णाली प्रदेश सरकारले बढ्दो मानसिक स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न छुट्टै कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ। यसअघि अन्य स्वास्थ्य कार्यक्रमसँगै मानसिक स्वास्थ्यलाई समेट्दै आएको प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि प्याकेजकै रूपमा कार्यक्रम कार्यान्वयन गर्न लागेको हो। प्रदेश सरकारका अनुसार मानसिक स्वास्थ्य समस्या बढ्दै जाँदा समयमै उपचार र परामर्शको पहुँच नपुगेका कतिपय अवस्थामा आत्महत्यासम्मका घटना हुने गरेका छन्। त्यसलाई रोकथाम गर्न सचेतना, उपचार, परामर्श तथा मनोसामाजिक स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने सामाजिक विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ जनस्वास्थ्य प्रशासक वृषबहादुर शाहीका अनुसार मानसिक रोग, त्यसले पार्ने असर र न्यूनीकरणका उपाय समेटेर कार्यक्रम अघि बढाइनेछ। योग, ध्यान, जीवनशैली परिवर्तन तथा मनोसामाजिक स्वास्थ्य प्रवर्द्धनलाई पनि कार्यक्रमको हिस्सा बनाइएको उनले जानकारी दिए।

सामाजिक विकासमन्त्री जीतबहादुर मल्लले विद्यालयदेखि कार्यालयसम्म मानसिक स्वास्थ्यसम्बन्धी सचेतना र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने बताए। उपचार सेवा आमनागरिकको पहुँचमा पुऱ्याउने गरी योजना कार्यान्वयन गरिने उनको भनाई छ। कर्णालीमा मानसिक स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा भने सीमित छ। कर्णाली प्रदेश अस्पतालमा दुई जना मनोरोग विशेषज्ञ कार्यरत रहे पनि अन्य अस्पतालमा विशेषज्ञ सेवा उपलब्ध छैन। भौगोलिक विकटता र आर्थिक समस्याका कारण सबै नागरिक उपचारका लागि प्रदेश अस्पतालसम्म पुग्न नसक्ने मनोपरामर्शदाता रविन थापाले बताए। प्रदेश अस्पतालमा दैनिक ४० देखि ५० जनासम्म मानसिक स्वास्थ्य समस्या भएका बिरामी उपचारका लागि आउने गरेको उनको भनाइ छ। मानसिक स्वास्थ्य चिकित्सक डा. सुशील समदर्शीका अनुसार कर्णालीमा वयस्क तथा बालबालिकामा मानसिक स्वास्थ्य समस्या बढ्दै गएको छ। उनका अनुसार भौगोलिक कठिनाइसँगै सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था, जातीय विभेद, छाउपडी, लैङ्गिक हिंसा, लागुऔषध दुर्व्यसन, पारिवारिक कलह र हिंसाजस्ता कारणले मानसिक स्वास्थ्य समस्या बढ्न सक्छ। कर्णालीको वयस्क जनसंख्याको ११.७ प्रतिशतमा विभिन्न प्रकारका मानसिक स्वास्थ्य समस्या देखिएको उनले बताए।

कर्णालीका ७९ स्थानीय तहमध्ये केहीले मात्र सामान्य मानसिक स्वास्थ्य सेवा दिइरहेका छन्। दरबन्दी र पर्याप्त बजेटको अभावमा सेवा प्रभावकारी बनाउन कठिनाइ भइरहेको स्थानीय तहको भनाइ छ।

गठन...

केही विधेयक प्रदेशसभामा पठाउने तथा प्रदेशसभा अधिवेशन अन्त्य गर्नेलगायत निर्णय गरे पनि विकास र सेवा प्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने ठूला नीतिगत निर्णय हुन सकेका छैनन्।

सरकार गठनपछि पहिलोपटक बसेको मन्त्रिपरिषद् बैठकले प्रशासनिक र आर्थिक प्रक्रियासँग सम्बन्धित केही निर्णय गरेको थियो। दोस्रो बैठकले पनि केही विधेयक र प्रशासनिक विषयमा निर्णय गऱ्यो। तर सरकारका प्राथमिकता, आगामी महिनाको कार्ययोजना, ठूला विकास आयोजना कार्यान्वयनको कार्यतालिका वा सेवा प्रवाह सुधारका विषयमा सरकारले सार्वजनिक रुपमा ठोस खाका अघि सारेको छैन।

यसबीच मुख्यमन्त्री शाहीले बजेट खर्च बढाउन कर्मचारी प्रशासनलाई निर्देशन दिएका छन्। भदौ ३१ गते आयोजित आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा कार्यक्रममा उनले बजेट कार्यान्वयनमा देखिएका समस्या तत्काल समाधान गर्न र विकास निर्माणका काममा गति दिन निर्देशन दिएका थिए। ऐन-नियम संशोधन गर्नुपर्ने भए त्यसका लागि प्रक्रिया अघि बढाउन र कर्मचारीलाई आवश्यक तालिम दिनसमेत उनले निर्देशन दिएका छन्। तर नयाँ आर्थिक वर्षको पहिलो दुई महिनाको खर्च हेर्दा निर्देशनभन्दा कार्यान्वयनको गति सुस्त देखिएको छ।

'विजनेस छैन' भन्दै संसद् बन्द

सरकारले प्रदेशसभामा 'विजनेस' नभएको भन्दै भदौ २९ गते राति १२ बजेदेखि लागू हुने गरी आठौं अधिवेशन अन्त्य गरिसकेको छ। तर अधिवेशन अन्त्य गर्ने निर्णयप्रति प्रतिपक्ष तथा सांसदहरूले प्रश्न उठाएका छन्। भदौ २२ गते बसेको प्रदेशसभा बैठकले अर्को बैठक भदौ ३० गते बस्ने गरी स्थगित गरेको थियो। त्यसको दुई दिनपछि बसेको मन्त्रिपरिषद् बैठकले अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो। प्रदेशसभा सचिव डा. अर्जुनकुमार खड्काका अनुसार प्रदेशसभाका विभिन्न समितिमा तीनवटा विधेयक विचाराधीन थिए भने एउटा विधेयक प्रदेशसभामा टेबुल भएर प्रक्रियामा थियो।

त्यसैले सरकारसँग सदन चलाउने विषयमा 'विजनेस' नै थिएन भन्ने प्रश्न पनि उठेको छ। विधेयक समितिमा विचाराधीन रहेका बेला अधिवेशन अन्त्य भएपछि ती विधेयकको संसदीय प्रक्रिया रोकिएको छ। राप्रपा सांसद सन्तोषी शाहीले विधेयक प्रक्रियामा रहेकै अवस्थामा अधिवेशन अन्त्य गरेर सरकारले संसद्को भूमिका कमजोर बनाएको बताइन्।

'विधेयकहरू प्रक्रियामा हुँदाहुँदै सदन अन्त्य गरेर सरकारले संसद्को भूमिका कमजोर बनाउन खोजेको छ,' उनले भनिन्, 'जनताका समस्याहरू संसद्मा राख्ने र सरकारलाई खबरदारी गर्नबाट वञ्चित भएका छौं।' प्रदेशसभा अधिवेशन अन्त्य भएपछि सरकारमाथि सांसदहरूले मन्त्रालयगत काम, बजेट कार्यान्वयन र जनताका समस्या प्रत्यक्ष रुपमा उठाउने नियमित अवसरसमेत गुमाएका छन्।

सरकारको कामकारबाही सुस्त भइरहेका बेला प्रदेशसभाका विषयगत समितिसमेत पूर्ण रुपमा सक्रिय हुन सकेका छैनन्। कर्णाली प्रदेशसभामा चारवटा विषयगत समिति छन्। तीमध्ये सामाजिक विकास समितिको सभापतिमा पूर्णबहादुर खत्री र अर्थ तथा प्राकृतिक स्रोत समितिको सभापतिमा दक्षिणा शाही छन्। प्रदेश मामिला समिति भने सभापतिविहीन छ।

प्रदेश मामिला समितिकी सभापति कल्याणी खड्का सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री बनेपछि उक्त पद रिक्त भएको हो। प्रदेश मामिला समितिको कार्यक्षेत्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, प्रदेश लोकसेवा आयोगलगायत निकाय पर्छन् सरकारका कामकारबाहीको अनुगमन गर्ने जिम्मेवारी समेत यही समितिको हो।

सत्ता समीकरण परिवर्तनपछि केही समितिमा सदस्य हेरफेरको प्रक्रिया पनि अघि बढेको छ। दलहरूले नयाँ सदस्यको नाम प्रदेशसभा सचिवालयमा पठाए पनि प्रदेशसभा बैठक नबसेपछि ती नाम अनुमोदन हुन बाँकी छन्। सार्वजनिक लेखा समितिको नेतृत्वमा पनि राजनीतिक समीकरण परिवर्तनको असर परेको छ। समितिको सभापति परिवर्तन भइसके पनि नयाँ संसदीय समीकरणअनुसार नेतृत्व व्यवस्थापनको विषय टुंगिएको छैन।

यसबीच अर्थ तथा प्राकृतिक स्रोत समिति र प्रदेश मामिला समितिले भदौमा बैठक बसेका थिए। अन्य समितिका गतिविधि भने न्यून देखिएका छन्। सरकारमाथि निगरानी गर्ने संसदीय संयन्त्र नै पूर्ण रूपमा सक्रिय हुन नसक्दा बजेट र सरकारका कामकारबाहीबारे नियमित संसदीय अनुगमनसमेत प्रभावित भएको छ मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक कमल लम्साल सरकार गठन भएदेखि सत्ता साझेदार दलहरूबीचको विवादले सरकार सञ्चालनमा असर पारेको बताउँछन्। 'सरकारले स्पष्ट कार्ययोजना सार्वजनिक गरी कामकाज थाल्नुपर्थ्यो,' उनले भने, 'मुख्यमन्त्रीले लामो समय एक्लै सरकार चलाउनुभयो। अहिले पनि सरकारले देखिने गरी कुनै नीतिगत निर्णय गर्न सकेको छैन, न बजेट कार्यान्वयनलाई नै गति दिएको छ।'

अधिवक्ता दुर्गाप्रसाद सापकोटा भने प्रदेशसभाको निर्वाचन नजिकिँदै गएको अवस्थामा वर्तमान सरकारसँग उपलब्ध समय सीमित रहेको बताउँछन्। उनका अनुसार बाँकी अवधिमा सरकारले आवश्यक नीतिगत निर्णय र विकास निर्माणका काम अघि बढाउनुपर्ने हुन्छ। सरकारका प्रवक्ता एवं उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्का भने सरकारका कामलाई प्राथमिकीकरण गरेर अघि बढिरहेको बताउँछिन्। 'हामी हाम्रा कामलाई प्राथमिकीकरण गर्दैछौं, छिट्टै आवश्यक संस्थागत संरचना निर्माणका काम पनि होलान्,' उनले भनिन्, 'नीतिगत रूपमा देखिएका समस्यालाई मन्त्रिपरिषद्बाट हल गर्दै बजेट कार्यान्वयनलाई तीव्रता दिइनेछ, जसले सेवाप्रवाह र विकास निर्माणलाई गति दिनेछ।'

कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

(प्रथम पटक सुचना प्रकाशित मिति २०८३/०६/०५ गते)

यस संस्थाका लागि तपशिल बमोजिमका पदमा कर्मचारी आवश्यक परेको हुँदा १८ बर्ष पुरा भै ३५ बर्ष ननाघेका नेपाली नागरिकका लागि देहाय बमोजिम दरखास्त आह्वान गरिन्छ।

क्र.स.	पद	संख्या	शैक्षिक योग्यता	तलव/सुविधा
१	फिल्ड सहायक	३ जना	कम्तीमा एस.एल.सी.तथा एस ई ई उर्तिण।	संस्थाको नियमानुसार।

विज्ञापन नं. ०१/२०८३/२०८४
दरखास्त दिने अन्तिम मिति :- २०८३/०६/१३ गते सम्म।
परिक्षाको किसिम :- लिखित/अन्तवार्ता।
दरखास्त शुल्क :- रु. २००।-
सेवाको किसिम :- करार।
दरखास्त दिँदा आवश्यक पर्ने कागजातहरू :- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, संवन्धित योग्यता हांसिल गरेको प्रमाण-पत्रको प्रतिलीपी र प्रतिबद्धता सहितको हस्तलिखित निवेदन।
दरखास्त दिने समय र स्थान :- कार्यालय समय भित्र, संस्थाको कार्यालयमा।
***नोट :-** अनुभवी,स्थानिय तथा सवारी साधन चलाउन जान्ने लाईसेन्स भएको लाई विशेष प्राथमिकता दिईने छ।*

दरखास्त सम्बन्धी जानकारीका लागि
०८३-५२०४८८/०८३-५९०४८८/९७४९२५००४५ र ९८४८१९३१२५,।

श्रीकृष्ण बहुउद्देश्यीय सहकारी संस्था लि.
वीरेन्द्रनगर-४, यरीचोक, सुर्खेत

शिक्षक आवश्यकता सम्बन्धी सूचना !

प्रस्तुत विषयमा शिक्षा विकास निर्देशनालय वीरेन्द्रनगर सुर्खेतको च न ९६ मिति २०८३/०५/३१ को प्राप्त पत्र तथा यस विद्यालयको वि.व्य.स. को मिति २०८३/०६/०२ को निर्णय अनुसार कर्णाली प्रदेश सरकारले उपलब्ध गराएको करार शिक्षक अनुदान कोटामा माध्यमिक तह (कक्षा ९-१२) सामाजिक विषयको करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपशिल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकवाट दरखास्त आह्वान गरीन्छ।

तपसिल

- **वि.नं.:-** ०१/०८३/८४
- **पद:** शिक्षक माध्यमिक
- **विषय:** सामाजिक
- **पद संख्या :-** १ जना
- **शैक्षिक योग्यता :** सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण।
- **नियुक्तिको किसिम :** करार
- **उमेर:-** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
- **तलव स्केल :-** प्रदेश सरकारले दिएको अनुदान अनुसार मासिक' रू ४३,६८९।
- **परीक्षा दस्तुर :-** रू १,०००।- (एक हजार रूपैया मात्र)
- **परीक्षाको किसिम :-** लिखित र अन्तरवार्ता (आवश्यकता परेमा कक्षा अवलोकन गर्न सकिने)
- **दरखास्त दिने अन्तिम मिति :** २०८३/०६/१६ गते कार्यालय समय भित्र
- **सम्पर्क मिति:** मिति २०८३/०६/१७
- **परीक्षा हुने मिति :** सम्पर्क मितिमा जानकारी गराइनेछ।

संलग्न कागजातहरू :

- हस्त लिखित निवेदन,
- व्यक्तिक विवरण,
- शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि,
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि,
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- दरखास्तको माध्यमः स्वयं व्यक्ति विद्यालयमा उपस्थित भएर, म्याद नाघि आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

थप जानकारीका लागि सम्पर्क नं
९७४३३८२५०३, ९८६८०२९०२९,९८४८०२०८६३ मा सम्पर्क गर्न सक्नुहुनेछ।

नविन कुमार कँडेल
प्रधानाध्यापक

श्री प्रभात माध्यमिक विद्यालय
वीरेन्द्रनगर-२, कोलडाँडा, सुर्खेत

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०६/०६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री खड्कबहादुर गन्द्रमासमेत ३ (तीन) जना** धनी रहेको, **दर्ता नम्बर ५५७४/०७६/०७७** बाट **बराहताल-५, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री दिपज्योती कृषि पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)